# नेपाल बीमा प्राधिकरण
# NEPAL INSURANCE AUTHORITY

नियमन तथा सम्पत्ति शुद्धिकरण शाखाः ५४७, चलानी नम्बरः २९६३

मिति:- २०८१/०९/०९

श्री सबै इजाजतपत्र बीमकहरु,

विषय: निर्देशन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा इजाजतपत्र प्राप्त सबै बीमकहरुले देहाय बमोजिम गर्न गराउन हुन नेपाल बीमा प्राधिकरणको मिति २०८१/०९/०४ गतेको निर्णयानुसार यो निर्देशन जारी गरिएको छ ।

क. बीमकले बीमा दावी निवेदन प्राप्त भए पश्चात सोको दर्ता गरी, यथाशिघ्र बीमितलाई SMS मार्फत जानकारी गराउनुहुन,

ख. निर्जीवन बीमाको क्षति मुल्याङ्कन गर्न सर्भेयर खटाँउदा सोको जानकारी SMS मार्फत बीमितलाई गराउनुहुन, बीमकले सर्भे प्रतिवेदन प्राप्त भए पश्चात सोको समेत जानकारी SMS मार्फत बीमितलाई दिनुहुन,

ग. बीमालेख अनुसार बीमा दावीको दायित्त्व यकिन भए पश्चात सो पुरा रकम अनिवार्य रुपमा कानुन बमोजिम भुक्तानी प्राप्त गर्ने पक्षको बैंक खातामा दाखिला हुने गरी डिजिटल माध्यम प्रयोग गरी भुक्तानी गर्ने,

घ. जीवन बीमकले दावी भुक्तानी बापत बीमित वा हकवालालाई कानुन बमोजिम भुक्तानी गर्नुपर्ने रकम बीमित वा हकवालाको बैंक खातामा दाखिला नगरी अन्य बीमालेख जारी गरी रकम समायोजन गर्न पाइनेछैन ।

(पदम प्रसाद सोडारी)
उप निर्देशक

बोधार्थः-
१. श्रीमान् अध्यक्षज्यूको सचिवालय,

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५४२१०७९, ५४३८७४३, फ्याक्सः ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np